# रतुवामाई नगरपालिकाको
# आ.व. २०८३/०८४ को वार्षिक
# नीति तथा कार्यक्रम र बजेट

## रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## सिजुवा, मोरङ

**रतुवामाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिजुवा, मोरङ**
**सम्माननीय नगरसभा अध्यक्षज्यू,**
**नगरसभाका सदस्यज्यूहरू,**
**कार्यपालिका सदस्यज्यूहरू,**
**प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**कर्मचारी साथीहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरू,**

रतुवामाई नगरपालिकाको गरिमामय नगरसभाको यस अधिवेशनमा आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्र निर्माण, सामाजिक परिवर्तन तथा स्थानीय विकासका क्षेत्रमा योगदान पुर्याउनुहुने अग्रज व्यक्तित्वहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

हामीले विगतका वर्षहरूमा शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार, सामाजिक सुरक्षा तथा सुशासनका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरेका छौं। अबको आवश्यकता भनेको सेवा प्रवाहमा गुणात्मक सुधार, आर्थिक उत्पादन वृद्धि, युवा उद्यमशीलता, डिजिटल रूपान्तरण, जलवायु अनुकूल विकास तथा आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण हो।

यसै दृष्टिकोणका साथ **"डिजिटल सेवा, हरित विकास, उत्पादनमुखी अर्थतन्त्र र समृद्ध रतुवामाई"** भन्ने मूल ध्येयलाई आत्मसात गर्दै आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघ तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम
- सोह्रौं पञ्चवर्षीय योजना
- दिगो विकास लक्ष्य (SDGs)
- राष्ट्रिय जलवायु परिवर्तन नीति
- जनप्रतिनिधिहरू, विषयगत समिति, वडा समिति तथा सरोकारवालाबाट प्राप्त सुझावहरू
- नगरवासीको विकासप्रतिको अपेक्षा

## प्रमुख प्राथमिकता

१. सुशासन र डिजिटल सेवा प्रवाह
२. गुणस्तरीय शिक्षा र मानव पूँजी विकास
३. सर्वसुलभ स्वास्थ्य सेवा
४. आधुनिक कृषि तथा उत्पादनमुखी अर्थतन्त्र
५. उद्यमशीलता, रोजगारी र नवप्रवर्तन
६. पूर्वाधार विकास तथा सुरक्षित बस्ती
७. वातावरण संरक्षण र जलवायु अनुकूलन
८. सामाजिक न्याय तथा समावेशी विकास
९. पर्यटन, संस्कृति र स्थानीय पहिचान
१०. वित्तीय अनुशासन र संस्थागत सुदृढीकरण

# १. सामाजिक विकास सम्बन्धी नीति

## शिक्षा

१. "सिकाइमा रूपान्तरण अभियान" सञ्चालन गरिनेछ।

२. सामुदायिक विद्यालयलाई प्रविधिमैत्री बनाउँदै स्मार्ट कक्षा विस्तार गरिनेछ।

३. प्रत्येक माध्यमिक विद्यालयमा विज्ञान तथा कम्प्युटर प्रयोगशाला स्थापना गरिनेछ।

४. कृत्रिम बुद्धिमत्ता (AI), कोडिङ तथा डिजिटल सीप सम्बन्धी आधारभूत शिक्षा क्रमशः लागू गरिनेछ।

५. सामुदायिक विधालयहरुको गुणस्तर सुधार कार्यक्रम अन्तर्गत शौचालय,खानेपानि,जस्तापाता,बालमैत्रि र सुचना प्रविधि लगायत अन्य कार्य गरिनेछ ।

६. उत्कृष्ट विद्यार्थीलाई "मेयर शैक्षिक उत्कृष्टता छात्रवृत्ति" प्रदान गरिनेछ।

७. सामुदायिक विद्यालयमा अंग्रेजी तथा गणित सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

८. विद्यालय स्वास्थ्य तथा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिनेछ।

९. प्राविधिक शिक्षालाई स्थानीय उद्योग तथा रोजगारसँग जोडिनेछ।

१०. नगरस्तरीय ई—लाइब्रेरी स्थापना गरिनेछ।

## स्वास्थ्य

११. नगर अस्पताललाई सुविधासम्पन्न अस्पतालको रूपमा विकास गरिनेछ।

१३. घरदैलो ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

१४. मानसिक स्वास्थ्य तथा परामर्श सेवा विस्तार गरिनेछ।

१५. उच्च रक्तचाप, मधुमेह, क्यान्सर तथा मिर्गौला रोगको नियमित स्क्रिनिङ गरिनेछ।

१६. नगरवासीलाई नगर अस्पताल यातायात सेवा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

१८. प्रत्येक वडामा नियमित स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

१९. नागरिकको स्वास्थ्य सेवालाई ध्यानमा राखी थप एउटा नगर एम्बुलेन्स सेवाका लागि आवश्यक प्रक्रिया अगाढी बढाईनेछ।

२०. आयुर्वेद तथा प्राकृतिक उपचार सेवालाई प्रवर्द्धन गरिनेछ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक**

२१. महिला उद्यमशीलता प्रवर्द्धन कोष स्थापना गरिनेछ।

२२. बालमैत्री स्थानीय शासन घोषणा प्रक्रिया अघि बढाइनेछ।

२३. लैङ्गिक हिंसा न्यूनीकरणका लागि एकीकृत सहायता केन्द्र स्थापना गरिनेछ।

२४. एकल महिला तथा विपन्न महिलाका लागि आयआर्जन कार्यक्रम सञ्चालन गरिनेछ।

२५. ज्येष्ठ नागरिक सम्मान तथा स्वास्थ्य संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

२६. अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त पूर्वाधार निर्माण गरिनेछ।

२७. बालविवाह, लागूऔषध दुर्व्यसन तथा साइबर अपराधविरुद्ध जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ।

**युवा तथा खेलकुद**

२८. नगर युवा नवप्रवर्तन केन्द्र स्थापना गरिनेछ।

२९. "युवा संसद कार्यक्रम" सञ्चालन गरिनेछ।

३०. खेलाडी बीमा कार्यक्रम लागू गरिनेछ।

३१. नगर खेलकुद एकेडेमी स्थापना गरिनेछ।

३२. मेयर कप प्रतियोगितालाई थप व्यवस्थित गरिनेछ।

३३. महिला खेलाडी विशेष प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

३४. खेलकुद पूर्वाधार विस्तार तथा स्तरोन्नति गरिनेछ।

## २. आर्थिक विकास सम्बन्धी नीति

**कृषि विकास**

३६. डिजिटल किसान परिचयपत्र वितरण गरिनेछ।

३८. जैविक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

३९. कृषि यान्त्रीकरणमा विशेष अनुदान प्रदान गरिनेछ।

४०. कृषि बीमामा नगरपालिकाको सहलगानी व्यवस्था गरिनेछ।

४१. बाँझो जमिन उपयोग कार्यक्रम लागू गरिनेछ।

४२. कृषि एम्बुलेन्स सेवा सञ्चालनको सम्भाव्यता अध्ययन गरिनेछ।

४३. कोल्ड स्टोर तथा भण्डारण व्यवस्थालाई प्रभावकारी बनाइनेछ।

४४. कृषि बजार सूचना प्रणाली विकास गरिनेछ।

## पशुपन्छी विकास

४५. पशु स्वास्थ्य सेवा घरदैलोमा पुर्याइनेछ।

४६. पशु अस्पताल स्थापनाका लागि पहल गरिनेछ।

४७. दुग्ध उत्पादन वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

४८. पशु बीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ।

४९. आधुनिक गोठ सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

५०. माछा उत्पादन क्षेत्र विस्तार गरिनेछ।

५१. पशुजन्य उत्पादनको मूल्य शृंखला विकास गरिनेछ।

## उद्योग, व्यवसाय तथा उद्यमशीलता

५२. नगर रोजगार, सीप तथा उद्यमशिलता प्रवर्दन केन्द्र मार्फत रोजगारीको क्षेत्रलाई व्यवस्थित गरिनेछ।

५३. स्टार्टअप तथा नवप्रवर्तन कोष स्थापना गरिनेछ।

५४. युवा उद्यमी इनक्युबेशन कार्यक्रम सञ्चालन गरिनेछ।

५५. स्थानीय उत्पादनको ब्रान्डिङ गरिनेछ।

५६. महिला तथा दलित उद्यमीलाई विशेष सहुलियत प्रदान गरिनेछ।

५७. "Made in Ratuwamai" अभियान सञ्चालन गरिनेछ।

५८. लघु तथा घरेलु उद्योग क्लस्टर विकास गरिनेछ।

## पर्यटन तथा संस्कृति

५९. रतुवामाई पर्यटन गुरुयोजना तयार गरिनेछ।

६०. भल्खुवा जंगल, सोनामाई पोखरी, सुनवर्षी थान, सुनमहारानी, जनता बाँध सिमसार तथा धार्मिक स्थललाई पर्यटन सर्किटमा विकास गरिनेछ।

६२. स्थानीय भाषा, कला तथा संस्कृतिको संरक्षण गरिनेछ।

६३. वार्षिक रतुवामाई पर्यटन तथा कृषि महोत्सव आयोजना गरिनेछ।

६४. ऐतिहासिक तथा धार्मिक सम्पदाको अभिलेखीकरण गरिनेछ।

## ३. पूर्वाधार विकास सम्बन्धी नीति

### सडक तथा यातायात

६५. नगर यातायात गुरुयोजना तयार गरिनेछ।

६६. नगरका मुख्य सडकहरूको स्तरोन्नति गरिनेछ।

६७. कृषि सडक सञ्जाल विस्तार गरिनेछ।

६८. पुल तथा कल्भर्ट निर्माणलाई प्राथमिकता दिइनेछ।

६९. सडक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

७०. स्मार्ट सडक बत्ती विस्तार गरिनेछ।

### भवन तथा सहरी विकास

७१. विद्युतीय भवन अनुमति प्रणाली पूर्ण कार्यान्वयन गरिनेछ।

७२. एकीकृत बसपार्क निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ।

७३. सार्वजनिक भवनहरूलाई वातावरणमैत्री बनाइनेछ।

७४. सुरक्षित तथा व्यवस्थित सहरी विकासमा जोड दिइनेछ।

### खानेपानी तथा सरसफाइ

७५. सुरक्षित खानेपानीको पहुँच विस्तार गरिनेछ।

७६. खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गरिनेछ।

७७. खुला स्थान तथा बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गरिनेछ।

७८. पूर्ण सरसफाइ अभियान सञ्चालन गरिनेछ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थापन

७९. हरित रतुवामाई अभियान सञ्चालन गरिनेछ।

८०. प्रत्येक घरमा कम्तीमा दुई फलफूलका बिरुवा रोप्ने अभियान सञ्चालन गरिनेछ।

८१. फोहोर वर्गीकरण तथा पुनःप्रयोग कार्यक्रम लागू गरिनेछ।

८२. जलवायु अनुकूलन योजना कार्यान्वयन गरिनेछ।

८३. नदी कटान नियन्त्रणलाई प्राथमिकता दिइनेछ।

८४. विपद् पूर्वसूचना प्रणाली स्थापना गरिनेछ।

८५. विपद् व्यवस्थापन कोषलाई सुदृढ बनाइनेछ।

८६. दमकल तथा उद्धार उपकरण व्यवस्थापन गरिनेछ।

## ५. सुशासन तथा संस्थागत विकास

### वित्तीय व्यवस्थापन

८७. कर प्रशासनलाई डिजिटल बनाइनेछ।

८८. आन्तरिक राजस्व वृद्धि कार्ययोजना लागू गरिनेछ।

८९. करदाता शिक्षा अभियान सञ्चालन गरिनेछ।

९०. सार्वजनिक खर्चमा मितव्ययिता अपनाइनेछ।

### न्याय तथा कानुनी सेवा

९१. कानुनी सहायता कार्यक्रम सञ्चालन गरिनेछ।

९२. मेलमिलाप केन्द्रलाई सुदृढ बनाइनेछ।

९३. न्यायमा नागरिकको सहज पहुँच सुनिश्चित गरिनेछ।

### सूचना प्रविधि तथा सेवा प्रवाह

९४. "डिजिटल रतुवामाईको आधारः छिटो, छरितो र पारदर्शी सरकार" नीति अनुरुप नगरपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरुमा दैनिक प्रशासनिक कामकारवाही, फाइल सम्पादन, र दर्ता-चलानीलाई प्रविधिमैत्री बनाई एक द्वार प्रणाली (One Door System) मार्फत क्रमशः कागजविहीन (Paperless) कार्यालय' को रूपमा विकास गरी पब्लिक पोर्टलको निर्माण कार्यलाई अगाडि बढाइनेछ।

९५. नगरवासीहरुको सहजताको लागि डिजिटल नागरिक वडापत्र जडान गरिनेछ ।

९६. कार्यरत सबै कर्मचारीहरुको हाजिरी तथा व्यक्तिगत विवरण व्यवस्थित गर्न डिजिटल हाजिरी मेशिन जडान गरी नेपाल सरकारको एकीकृत विद्युतिय हाजिरी प्रणालीमा आवद्ध गरी संचालनमा ल्याइनेछ।

९७. जनप्रतिनिधि, नगरपालिकाका कर्मचारी, र आम नागरिकलाई लक्षित गरी आधारभूत कम्प्युटर सीप, अनलाइन सेवाको प्रयोग, र साइबर सुरक्षा (Cyber Security) सम्बन्धी सचेतना तथा तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

९८. नगरपालिकाको सम्पूर्ण डिजिटल तथ्याङ्कहरूलाई सुरक्षित राख्न भरपर्दो क्लाउड सर्भर (Cloud Server) वा स्थानीय डाटा सेन्टरको व्यवस्था गरी डाटा ब्याकअप गरिनेछ ।

९९. नगरको शान्ति सुरक्षालाई मजबुत बनाउन तथा अपराध न्यूनीकरण गर्न नगरका मुख्य सडक, चोक, र सार्वजनिक स्थलहरूमा जडान भई संचालनमा रहेका सीसीटीभी (CCTV) क्यामेराहरु थप व्यवस्थापन गरिनेछ ।

१००. नगरपालिकाको मोबाईल नेटवर्क तथा इन्टरनेट पहुँच न्यून भएको र व्यस्त स्थानमा जडान गरि संचालनमा ल्याएको फ्री वाई फाई थप व्यवस्थापन गरी निरन्तरता दिईने छ ।

१०१. नगरपालिका तथा अन्तर्गतका वडा कार्यालय, सामुदायिक स्वास्थ्यहरु तथा सामुदायिक विद्यालयहरुको सूचनाको पहुँच स्तर बढाउन वेबसाइट(Website) र फेसबुक पेजहरुलाई थप व्यवस्थापन गरिनेछ ।

## ६. भूमि व्यवस्थापन :

१०२. भूमिहीन दलित भूमिहीन सुकुम्बासी र अव्यवस्थित वासोवासीको व्यवस्थापनको बाकी काम भुमि समस्या समाधान समितिको समन्वयमा सम्पन्न गरिने छ ।

१०३. भुमि संम्बन्धी सेवा स्थानीय तहबाटै दिने व्यवस्थालाई सुरु गर्न पहल गरिनेछ

१०४. भू उपयोग क्षेत्र वर्गीकरणलाइ समय सापेक्ष नियमानुसार परिमार्जन गर्दै व्यवस्थित गरिनेछ

## ७.लक्षित वर्गः

१०५. लक्षित वर्गको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरणका लागि आयआर्जन, उद्यमशीलता विकास, सीपमूलक तालिम तथा स्वरोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१०६. महिला उद्यमशीलता प्रवर्द्धन, नेतृत्व विकास, वित्तीय पहुँच विस्तार तथा महिला हिंसा, बालविवाह, दाइजो प्रथा, छुवाछुत, जातीय विभेद, लैङ्गिक हिंसा तथा सबै प्रकारका सामाजिक विकृतिविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१०७. बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्दै बाल अधिकार संरक्षण, बाल सहभागिता, बाल क्लब सुदृढीकरण तथा बाल संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।

१०८. ज्येष्ठ नागरिकको सम्मान, स्वास्थ्य सेवा पहुँच, सामाजिक सुरक्षा तथा सक्रिय जीवनशैली प्रवर्द्धनका लागि नियमित कार्यक्रम सञ्चालन गरिनेछ।

१०९.अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त पूर्वाधार, सहायक सामग्री, पुनःस्थापना सेवा, सीप विकास तथा रोजगारी प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ।

११०. दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम तथा अन्य सीमान्तकृत समुदायको भाषा, कला, संस्कृति, परम्परा तथा मौलिक पहिचान संरक्षण एवं प्रवर्द्धन गरिनेछ।

१११. विपन्न, बेरोजगार तथा वैदेशिक रोजगारीबाट फर्किएका युवाहरूलाई उत्पादनमूलक उद्यम, कृषि, पशुपालन तथा लघु व्यवसायमा आकर्षित गर्न अनुदान, सहजीकरण तथा सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ।

११२. एकल महिला, हिंसापीडित महिला तथा जोखिममा रहेका परिवारको संरक्षण, पुनःस्थापना तथा आत्मनिर्भरता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

११३. लक्षित वर्गको वास्तविक अवस्था पहिचान गर्न अद्यावधिक तथ्याङ्क व्यवस्थापन, डिजिटल अभिलेखीकरण तथा आवश्यकतामा आधारित योजना तर्जुमा गरिनेछ।

११४. सबै विकास आयोजना तथा सेवा प्रवाहमा लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा पहुँचयुक्त वातावरण सुनिश्चित गरिनेछ।

११५. लक्षित वर्गका कार्यक्रमको प्रभावकारिता वृद्धि गर्न सरकारी, गैरसरकारी, निजी क्षेत्र तथा विकास साझेदार संस्थासँग सहकार्य र साझेदारीलाई प्रोत्साहन गरिनेछ।

११६. लक्षित वर्गका लागि विनियोजित बजेट तथा कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र सार्वजनिक प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाइनेछ।

११७. "कोही पनि विकासको मूलधारबाट बाहिर नपरोस्" भन्ने सिद्धान्तलाई आत्मसात् गर्दै समावेशी, आत्मनिर्भर, सम्मानित र अवसरयुक्त रतुवामाई नगर निर्माण गरिनेछ।

## ८.सहकारी शाखाः

११८. सहकारी संस्थाको सुशासन, पारदर्शिता, वित्तीय अनुशासन तथा संस्थागत सुदृढीकरणका लागि नियमित अनुगमन, क्षमता विकास तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

११९. बचत तथा ऋण सहकारी संस्थामा वित्तीय साक्षरता, जोखिम व्यवस्थापन र प्रविधिमैत्री सेवा विस्तारलाई प्रोत्साहन गरिनेछ।

१२०. सहकारी ऐन, नियमावली तथा प्रचलित कानुनको प्रभावकारी कार्यान्वयन गर्दै सदस्यहरूको हित संरक्षण र सहकारी क्षेत्रको दिगो विकास सुनिश्चित गरिनेछ।

सभाध्यक्ष महोदय,
अब म आ.व. २०८३/०८४ को लागि प्राप्त हुन सक्ने अनुमानित बजेट प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि यस रतुवामाई नगरपालिकामा संघीय सरकारबाट प्राप्त हुने अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगतको वित्तीय समानीकरण अनुदान रु.१५ करोड ६२ लाख, संघीय सरकार राजश्व बाडफाडबाट रु. १२ करोड ९८ लाख १७ हजार, घर जग्गा रजिस्ट्रेसन करको बाडफाडबाट प्राप्त हुने रु ४ करोड ९५ लाख १६ हजार नौसय त्रिचालिस, प्रदेश सरकारबाट प्राप्तहुने वित्तीय समानीकरण अनुदान १ करोड ४५ लाख ८६ हजार, प्रदेश सरकारबाट सवारी साधनको कर बाडफाडबाट १ करोड १ लाख ८० हजार ५७ रुपैया, नगरपालिकाको आन्तरिक आम्दानि रु. ५ करोड , अनुमानित अ.ल्या रु. ९ करोड, त्यसैगरि संघीय शसर्त अनुदान चालु तर्फ रु.३२ करोड ७९ लाख, संघीय शसर्त अनुदान पुजीगत तर्फ ८६ लाख, प्रदेश सरकार सशर्त अनुदान चालु तर्फ रु. ३४ लाख १६ हजार, प्रदेश सरकार सशर्त अनुदान पुजीगत तर्फ रु.२ करोड ९० लाख, प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान रु ८० लाख , संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान रु.१ करोड ७८ लाख र संघीय सरकारबाट प्राप्त हुने समपुरक अनुदान रु. ५५ लाख गरि कुल जम्मा रु. ९० करोड ५ लाख १६ हजार रुपैया बराबरको अनुमानित बजेट आगामी आ.व. ०८३/०८४ को लागि प्रस्तुत गरेको छु।

समापन

माननीय सभाध्यक्षज्यू तथा सदस्यज्यूहरू,

प्रस्तुत नीति तथा कार्यक्रमले रतुवामाई नगरपालिकालाई उत्पादनमुखी, प्रविधिमैत्री, वातावरणमैत्री, समावेशी तथा आत्मनिर्भर स्थानीय सरकारको रूपमा विकास गर्ने स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ।

यस नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज तथा सम्पूर्ण नगरवासीको सक्रिय सहयोग र सहभागिताको अपेक्षा गर्दछु।

"डिजिटल सेवा, हरित विकास, उत्पादनमुखी अर्थतन्त्र र समृद्ध रतुवामाई"

धन्यवाद।

**जय रतुवामाई।**

| कुल आय तर्फ | | |
|---|---|---|
| क्र.स. | विवरण | रकम २०८३/०८४ |
| १ | घरजग्गा रजिष्ट्रेन तथा प्राकृतिक श्रोतसाधन रोयाल्टी | ४९५१६९४३ |
| २ | संघीय सरकार बाट वित्तिय समानिकरण अनुदान | १५६२००००० |
| ३ | संघीय सरकार बाट राजश्व बाँडफाँड | १२९८१७००० |
| ४ | प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान | १४५८६००० |
| ५ | प्रदेश सरकार बाट सवारीसाधन कर बाँडफाँड | १०१८००५७ |
| ६ | आन्तरिक आम्दानी | ५००००००० |
| ७ | अल्या | ९००००००० |
| ८ | संघिय ससर्त अनुदान चालु | ३२७९००००० |
| ९ | संघिय ससर्त अनुदान पुजीगत | ८६००००० |
| १० | प्रदेश ससर्त अनुदान चालु | ३४१६००० |
| ११ | प्रदेश ससर्त अनुदान पुजीगत | २९०००००० |
| १२ | प्रदेश समपुरक ससर्त | ८०००००० |
| १३ | संघीय विशेष अनुदान | १७८००००० |
| १४ | संघीय समपुरक अनुदान | ५५०००००० |
| | **कुल बजेट (रु.)** | **९०,०५,१६,०००/-** |

| कुल व्यय तर्फ | | |
|---|---|---|
| क्र.स. | विवरण | रकम २०८३/०८४ |
| १ | विषयगत शाखा बजेट | ३५०००००० |
| २ | नगरको अनुमानित योजना | ६९८००००० |
| ३ | प्रशासनिक भवन निर्माण तथा व्यवस्थापन | २००००००० |
| ४ | क्रमागत दायित्व तथा अनिवार्य दायित्त्व | ६००००००० |
| ५ | नगरको प्रशासनिक खर्च | ५५५००००० |
| ६ | तलब भत्ता तथा सुविधा (कर्मचारी तथा पदाधिकारी ) | १४००००००० |
| ७ | कर्मचारी पोशाक र महंगी भत्ता लगाएत प्रशासनिक | ५०००००० |
| ८ | वडाको सिलीङ्ग बजेट | ५५०००००० |
| ९ | उपमेयर महिला शशक्तिकरण तथा छोरी बुहारी शिक्षा कार्यक्रम | २०००००० |
| १० | न्यायिक समिति ब्यबस्थापन | १५००००० |
| ११ | कर्मचारी कल्याण कोष | ५००००० |
| १२ | विपद ब्यबस्थापन कोष | २०००००० |
| १३ | मर्मत सम्भार कोष | ५०००००० |
| १४ | समपुरक कोष | २५०००००० |
| १५ | अपाङ्गता पुनर्स्थापना कार्यक्रम सहकार्य खर्च | १०००००० |
| १६ | आर्थिक सहायता | २०००००० |
| १७ | ८० वर्ष माथिका जेष्ठ नागरिक पोषण भत्ता एक त्रैमासिक | १०००००० |
| १८ | नगर अस्पताल व्यवस्थापन | १५०००००० |
| १९ | कृषिमा यान्त्रिकरण प्रवर्दन तथा सिंचाई मिटर महशुल | ५०००००० |
| २० | संघिय ससर्त अनुदान चालु | ३२७९००००० |
| २१ | संघिय ससर्त अनुदान पुजीगत | ८६००००० |
| २२ | प्रदेश ससर्त अनुदान चालु | ३४१६००० |
| २३ | प्रदेश ससर्त अनुदान पुजीगत | २९०००००० |
| २४ | प्रदेश समपुरक ससर्त | ८०००००० |
| २५ | संघीय विशेष अनुदान | १७८००००० |
| २६ | संघीय समपुरक अनुदान | ५५०००००० |
| | **कुल बजेट (रु.)** | **९०,०५,१६,०००/-** |